वा नमान्ने अधिकार हामीलाई खुला गरेर छोड्नुभएन। उहाँको यस्तो चाहना पनि थिएन।"-सि.एस. लिविस, “द शकिङ्ग अल्टरनेटिभ," पृ. ५६, मेर क्रिस्टियानितीको पुस्तकमा (न्यु योर्कः माकमिलन-कोलिएर,१९६०) पृ. ५६।

**चिन्तनमननः**

क. हामी, जो दुई हजार वर्षपछि रहेका मानिसहरूलाई येशुलाई मुक्तिदाता हुन् भनेर स्विकार गर्न सजिलो किन छ जुन त्यस ताकाका मानिसहरूलाई स्विकार गर्न सहज थिएन? उहाँलाई परमेश्वरको पुत्र भनेर स्विकार गर्न किन मुस्किल भएको थियो र किन हुन्छ?

ख. समयको परिचक्रमा येशुका बारेमा शङ्का, उपशङ्का र महाशङ्काले निरन्तरता पाइरहनेमा द्विविधा छैन। तर, तपाईंका लागि येशुको वैधता र उहाँको उद्धार गर्ने अनुग्रहको, कमसेकम एउटा के प्रमाणको अनुभूति पाउनुभएको छ? यही अनुभूति अरूलाई कसरी बाँड्नुहुन्छ जसले गर्दा उनीहरूले येशुप्रतिको निर्णयात्मक धारणा हुनसक्दछ?

ग. मानिसहरूले कसरी ज्ञान विज्ञानको युगमा (Age of Enlightenment) उनीहरूले वैज्ञानिक वा मानवीय दर्शनहरूलाई उपयोग गरेर परमेश्वरप्रतिको विश्वास र आस्थाका विरुद्ध क्षेप्यास्त्र प्रहार गरे भनेर यस अध्यायमा हेऱ्यौं। हाम्रै संस्कार, संस्कृतिमा वा बौद्धिक जनमानसमा के यस्ता वादहरू, तर्कहरू, दर्शनहरू वा विचार धाराहरू छन् जसले परमेश्वरप्रतिको आस्था र विश्वासको बिरुद्धमा प्रवाह भइरहेका छन्? अझ महत्त्वपूर्ण कुरा त ती चुनौतीहरूलाई तपाईंले कसरी सामना गर्न सक्नुहुन्छ?

१ कोरन्थी १:१८-२७ फेरि पुनरावलोकन गर्नुहोस्। हामी सबैका लागि पावलले के निर्विकल्प सन्देश दिनुभएको छ जो हरहमेसा सम्झिरहनु पर्दछ?





# येशु को हुनुहुन्थ्यो?

यस अध्यायका लागि पढ्नुहोस्: मत्ती १६:१३-१६, युहन्ना २०:२६-२८, १ कोरिन्थी १:१८-२७, १५:३-७।

**स्मरण गर्नुपर्ने पदः** “जब येशु सिजरा फिलिप्पी क्षेत्रमा पुग्नुभयो, उहाँले आफ्ना चेलाहरूलाई सोध्नुभयो, ‘मानिसको पुत्रप्रति जनमानसको धारणा के छ?’" मत्ती १६:१३।

येशुको प्रारम्भिक सेवाकालदेखि नै उहाँका बारेमा वादविवाद प्रतिवाद, तर्कवितर्क आदि भएको थियो। उहाँका बारेमा विचारविमर्स आज पनि जारी छ, यो सबैका लागि कौतूहलको विषय हो। उहाँका बारेमा छलफल उहाँकै समयको दुनियाँदेखि सुरु भएको थियो र उहाँकै नगरक्षेत्रबाट थालनी भएको थियो। “‘यस मानिसले यस्तो (अपार) ज्ञान र अद्भुत काम गर्ने शक्ति कहाँबाट पायो?’ उनीहरूले सोधे। ‘के उनी सिकर्मीका छोरा होइनन् र? उनकी आमाको नाउँ मेरी (मरियम) होइन र? यिनका भाइहरू याकुब, योसेफ, सिमोन र यहूदा होइनन्? के यिनका बहिनीहरू हामीसँगसँगै छैनन् र?’" मत्ती १३:५४,५५।

खासमा भन्ने हो भने, उहाँको प्रकट नै लाञ्छनापूर्ण थियोः चक्रवर्ती उद्धारकर्ता त जहाँबाट भएपनि आउनै पर्थ्यो, तर हामीसँग परिचित भएको ठाँउबाट त पक्कै पनि होइन, र विशेषतः हामी जस्ताको परिवारबाट त अवश्य पनि होइन ! उहाँको पहिचानका बारेमा उहाँका सहरिया मानिसहरूले जुन रूपमा तर्कवितर्क, विवाद-प्रतिवाद गरे, त्यही मनस्थितिलाई शताब्दीयौंदेखि कुनै न कुनै रूपमा निरन्तरता पाएको हामी देख्दछौं। उहाँको रहस्यमय जीवनको पराकाष्ठाले सबैलाई रनभुल्लमा पारिरहेको विश्व इतिहासले बताउँछ।

यथार्थमा येशु को हुनुहुन्छ त? त्यस ताकाका उल्लेखनीय यहूदी चरित्रहरू, विश्वका धर्मगुरुहरू वा त्यस समयका, त्यस समय अघिका वा पछिका विविध धर्महरूका प्रवर्तकहरूभन्दा र उहाँको बीचमा

मानिसहरू किन अलमलमा परेका थिए वा परिरहेका छन्? नयाँ करारको युगपछि (प्रथम शताब्दी) उहाँको पहिचान, अखण्डता र प्रतिष्ठाको चुनौतीलाई किन निरन्तरता पाइरहेका छन्? बाइबलका लेखकहरूले उहाँको परिचयका बारेमा कत्तिको विश्वस्त थिए र किन भए? यस पुस्तकको प्रथम अध्यायमा उपर्युक्त केही प्रश्नका जवाफहरूलाई हामीले केलाउन कोसिस गर्नेछौं।

**१. येशु, बप्तिस्मा दिने उल्लेखनीय युहन्ना त होइन (मत्ती १६:१४)**

पालेस्टाइनका विभिन्न क्षेत्रहरूका मानिसहरूले येशुको सामना गर्नुपरेको थियो। उहाँको सार्वजनिक सेवा कार्यमा त्यस क्षेत्रका मानिसहरू र येशुका आफ्नै सहरका जनमानसमा उहाँ को हुनुहुन्छ भन्ने प्रश्नले बराबर पिरोलिरहेको थियो (मत्ती १३:५४,५५)। येशुको जीवनको छ महिना पूर्व सन्ध्यातिर आफ्ना चेलाहरूकासाथ उहाँ सिजरा फिलिप्पीका क्षेत्र भएर कतै जाँदै हुनुहुन्थ्यो। त्यसबेला दुनियाँले उहाँका बारेमा गरेका समालोचनात्मक प्रश्नलाई आफ्ना चेलाहरूका सामु तेर्स्याउन आवश्यकता ठान्नुभयो। येशुप्रति अरूको धारणा के सुनेका थिए भनेर आफ्ना चेलाहरूलाई सोध्नुभयो, “दुनियाँ मानिसको पुत्रको बारेमा के भन्दछ?" (मत्ती १६:१३)।

चेलाहरूले दिएका प्रत्युत्तर मत्ती १६:१४ मा पढ्नुहोस्। उनीहरूको जवाफले त्यस ताकाका मानिसहरूले गरेका धर्मदर्शनका प्रश्नहरूका बारेमा तिनीहरूलाई कत्तिको ज्ञान रहेछ भनेर देखाए? येशुले त्यस विषयमा यही विशेष समयमा नै उनीहरूको ध्यानाकर्षण गराउन किन जरुरत देख्नुभयो?

येशुको बारेमा जनमानसमा जुन दृष्टिकोणहरू राखेका थिए, त्यसले उहाँको सेवाकार्यलाई विभिन्न समूहहरूले र विभिन्न व्यक्तिविशेषहरूले आफ्नै ढाँचामा उहाँका बारेमा आभास पाएका थिए। चेलाहरूको जवाफले ती आभासहरूलाई छर्लङ्ग देखाउँछन्। येशु नै बप्तिस्मा दिने युहन्ना हुन् भनेर मानिसहरूले किन धारणा राखे जब ती दुवै जना समकालीन व्यक्तित्वहरू थिए? र येशुले कुन कार्यहरू गर्नुभयो



मैले तिमीहरूलाई अमन चैन दिनेछु" (मत्ती ११:२८)।

<u>उपसंहार</u>

येशुको पहिचान सम्बन्धी थप जानकारीका लागि पढ्नुहोस्, एलेन जि ह्वाइटका *द डिजाएर अभ एजेज्,* पृ. २३६-२४३ सम्मका अध्याय, “के उनी सिकर्मीका छोरा होइनन् र?"

“येशु को हुनुहुन्छ? ती मानिसहरूले प्रश्न गरे। महिमित मसिह हुँ भनेर दावी गर्ने त, सिकर्मीका छोरा पो रहेछन् र आफ्ना बुबा युशुफको पेसासँग समावेश भएर काम गर्नु भएको थियो। येशु गाँउका डाँडा-पाखाहरूमा हिँड्नु भएको, काठका भारीहरू बोक्नु भएको ती मानिसहरूले देखेका थिए, र उहाँका भाइहरू र बहिनीहरूसँग पनि तिनीहरू परिचित थिए। येशु बालककालबाट हुर्कँदै जवान भएको र त्यसपछि प्रौढ भएको पनि तिनीहरूले प्रत्यक्ष देखेका थिए। उहाँको जीवन निष्कलङ्क र निर्मल भए तापनि उहाँका गाँउलेहरूले उहाँ नै प्रतिज्ञा गरिएको व्यक्ति हुनुहुन्छ भनेर विश्वास गर्न चाहेका थिएनन्।"-एलेन जि ह्वाईटका द डीजाएर अभ एजेज्, पृ. २३७। “विपन्न र निम्न कोटीबाट प्रादुर्भाव भएको येशु ती बाहेक अरू असाधारण व्यक्तित्वको रूपमा उहाँलाई स्विकार गर्न इन्कार गरे।"-पृ. २३९।

“जुन कुराहरूलाई दावी गरेर येशुले भन्नुभयो, त्यस्तो व्यक्तित्व केवल महान् नैतिक गुरु हुनै सक्दैनन्। कि त उहाँ मगज खुस्केको पागल....वा नर्कका सैतान हुनु पर्छ । तपाईंले उहाँका बारेमा रोज्नै पर्दछ। कि त यो मानिस उहाँले दावी गरेको अनुसार परमेश्वरको पुत्र, वा पागल अथवा कुनै त्यो भन्दा पनि खस्किएको व्यक्ति हुनुपर्दछ। तपाईंले मूर्खको संज्ञा दिएर उहाँलाई थुनिदिनु सक्नुहुन्छ; यो त सैतान हो भनेर थुकेर मार्न सक्नुहुन्छ; वा उहाँको पाउमा परेर मेरा प्रभु मेरा परमेश्वर भनेर स्विकार गर्न सक्नु हुन्छ। तर उहाँ कुनै महामानव वा महान मानवीय धर्मगुरु भनेर अनर्थको बिल्ला लगाउन दिएर प्रश्रयदाता वा संरक्षक त नबनौं। उहाँले दावी गर्नुभएको अनुसार उहाँलाई मान्ने

देखी उहाँका चेलाहरू चकित भएका थिए (मत्ती ८:२३-२७):"ओ हो, उहाँ कस्तो खालको मानिस हो? हावा, बतास र अथाह समुद्री छालहरूले समेत उहाँको आज्ञा मान्दछन्!" (पद २७)। सच्चुचमा भन्ने हो भने, उनीहरूको प्रतिक्रिया हाम्रो पनि हुनुपर्दछ। (के हाम्रो जीवनका छालहरूलाई येशुले मत्थर बनाउनु भएको अनुभूत भएको छ?) जुन रात येशु पक्रिनु भएकोथियो, त्यस बेला यहुदी धर्मका संरक्षक र मूल पुरोहितले उहाँलाई सीधै प्रश्न गरेका थिए र सपथ खाई येशुलाई त्यस प्रश्नको जवाफ देऊ भनेर चुनौती गरेका थिएः "'यदि तिमी परमप्रभु परमेश्वरको पुत्र येशु नै हुनुहुन्छ भने हामीलाई नहिच्किच्याई भन्नुहोस्।' 'तिमीले भने अनुसार म उही हुँ', येशुले जवाफ दिनु भयो" (मत्ती २६:६४,६४)। अनी सर्वोच्च अदालतको न्याय आशनमा आशिन भएर पीलातुसले येशुलाई आफ्नै जिज्ञासामा कौतुहल लागेर सोधेका थिएः "के तपाईं यहुदीहरूका राजा हुनुहुन्छ? येशुको जवाफ त्यही थियोः "'तपाईंले भन्नु भएको अनुसार म उही हुँ' (मत्ती २७:११)।

येशुका बारेमा मानिसहरूले जुन अडकल लगाए तापनि उहाँका ती दुई जवाफहरू असाधारण थिए। नासरथका एक जना मामुली सिकर्मीको छोरो भएर बडा हाकिम पिलातुसलाई आफ्नो राजत्वलाई सकारेर जवाफ दिनुभयो भने उहाँ चानचुन व्यक्तित्व हुनुहुन्न भनेर हामीले स्विकार गर्नुपर्दछ र उहाँको यथार्थ विचार यस संसारभन्दा अपार छन् भनेर प्रस्ट पार्दछ। यो कुरा मूल पुरोहितको दरबारमा जुन जवाफ येशुले दिनुभयो, त्यसबाट ज्ञात हुन्छः "भविष्यमा तपाईंले मानिसको पुत्रलाई सर्वशक्तिमान् परमेश्वरको दाहिने बाहुलीमा बसिरहेको देख्नुहुनेछ र बादलहरूको माझबाट उक्लिरहेको देख्नु हुनेछ"(मत्ती २६:६४)।

यसरी, सुसमाचारका पुस्तकहरूमा र नयाँ करारका बाँकी पुस्तकहरूमा यसलाई यसरी स्पष्ट पारेको छः मानवी चोलामा जीवित परमप्रभु परमेश्वरका पुत्रको रूपमा येशु आउनु भएकोहो, उहाँले मात्र यस अपवादपूर्ण आमन्त्रण गर्ने अधिकार पाउनुभएको छः "हे सबै बोझले लादिएकाहरू, थकित र उदासीन भएकाहरू हो, मकहाँ आओ र



जसले गर्दा उहाँ बप्तिस्मा दिने युहन्नाको काममा मिल्दोजुल्दो हुनुहुन्थ्यो?

सम्भाव्य जवाफको लागि निम्नलिखित पङ्क्तिहरू हेर्नुहोस्ः मत्ती ३:१-३, ४:१२,१३,१७, १४:१,२, मर्कूस १:१-५।

येशु र बप्तिस्मा दिने युहन्नाका बीचमा मानिसहरू किन अलमल्लमा परे भन्ने कुरा हामीलाई बुझ्न त्यत्ति सजिलो छैन। तर प्रथम शताब्दीमा अहिलेका जस्ता सञ्चार माध्यमहरू थिएनन् जसले गर्दा मानिसहरूले सीधै सूचना पाएका थिएनन् र जे सुने ती हल्लैहल्लामा परिणत भएर मानिसहरूलाई रनभुल्लमा पारेका हुन्थे भन्ने बुझ्न त्यत्ति गाऱ्हो छैन। आखिरमा येशुका काम र युहन्नाका कामहरूमा त्यत्ति भिन्नता देखिएका थिएनन् भनेर उपरोक्त पदहरूले देखाउँछन्। यद्यपि, येशु र युहन्नाको जुन जम्का भेट भयो त्यसले गर्दा उहाँहरूका बीचमा भ्रम हुनुपर्ने आवश्यक थिएन (मत्ती ३:११,१२, मर्कूस १:६-८)।

पछाडि फर्केर अरूहरूले गरेका भूलहरूलाई पहिल्याउन सजिलो छ र उनीहरूले यस्तो किन गरे भन्ने कुरामा छक्क पर्नु सामान्य नै हो। उनीहरूले गरेका ती भूलहरूमा हामी पनि नपरौं भनेर उनीहरूको क्रियाकलाप हाम्रो लागि कसरी शिक्षाप्रद हुनसक्दछ र मानिसहरूले बहकाउने कुराबाट हामी कसरी सुरक्षित हुनसक्दछौं?

## २. एलिया पनि होइन, यर्मिया पनि होइन, न त कुनै भविष्यवक्ता वा परमेश्वरका प्रवक्ता

मत्ती १६:१४ फेरि पढ्नुहोस्। दुनियाँले येशुलाई बप्तिस्मा दिने युहन्ना भनेर भ्रममा पर्नु त आफ्नै ठाउँमा छ। तर भविष्यवक्ता यलिया? यर्मिया? वा येशु पुरानो करारको भविष्यवक्ताहरूका अवतार हुन् भन्नुमा के हो? यी तर्कहरू कहाँबाट आए?

एलिया, प्रख्यात कार्मेल पहाडको घटनामा नेतृत्व गर्ने निडर भविष्यवक्ता थिए। उनले आगोसरि भएर अवज्ञाकारी राजा र राक्षसी चरित्र भएकी रानीलाई साहसपूर्वक सामना गरेका थिए। उनी एक्लै राजा अहाबको भ्रष्ट शासनकालमा स्थापना भएको परमेश्वरप्रतिको आस्था र

मूर्ति पूजा मिसाएर प्रतिस्थापित धर्मको विरोधमा उत्रेका थिए (१ राजा १८)। परमेश्वरमाथिको आस्थालाई लोकप्रिय मूर्ति पूजाको धर्मसंस्कारले ओडाउने लक्ष्य परमेश्वरकै बिरुद्धमा थियो।

यर्मिया, जसलाई विलाप गर्ने भविष्यवक्ता भनेर चिनिन्छ, देशको संक्रमणकालमा देखापरेको थियो। त्यस समय पूरा राष्ट्र नै तीब्र आन्दोलन र अनिश्चिततामा गुज्रिरहेको थियो। उनले जुन सन्देश आफ्ना देशका जनताहरूलाई दिएका थिए, त्यो राष्ट्रिय रूपमा मान्य थिएन जसले गर्दा उनले ठूलो मूल्य चुकाउनु परेको थियो(यर्मिया २०:१,२,७,८)।

पुरानो करारमा परमेश्वरका बाँकी विश्वासीला भविष्यवक्ताहरूलाई लक्षित गर्दै जुन व्यवहार ती बफादार परमेश्वरका भक्तजनहरूले इजरायलमा पाए, येशुले उहाँका समकालीन धार्मिक गुरुहरू फरिसीहरू र पण्डितहरूको कटु आलोचना गर्दै आफ्नो मुख्य मनशाय उनीहरूप्रति यसरी व्यक्त गर्नुभएको थियोः “यसरी तिमीहरू अगमवक्ताहरूलाई हत्या गर्नेका सन्तान हौ भन्ने प्रमाण तिमीहरू आफैले दिन्छौ।" (मत्ती २३:३१)।

येशुका समकालीन मानिसहरूले पुरानो करारका विशेषतः ती प्रख्यात भविष्यवक्ताहरूसँग उहाँलाई पहिचान गराएकोमा तपाईं के सारगर्भितता देख्नुहुन्छ?

हुन त, पत्रुसले मत्ती १६:१४ मा येशु ती भविष्यवक्ताहरू हुन भनेर जनमत प्रस्तुत गर्नु नै उहाँका बारेमा उच्च धारणा थिए भनेर प्रष्ट रूपमा देखाउँदछन्। यो प्रशंसनीय नै थियो। किनभने ती परमेश्वरका कर्मठ भविष्यवक्ताहरू आध्यात्मिक लौह पुरुषहरू थिए जसले यहुदी समाजमा तिनीहरूको चरित्रले गहिरो पूर्वक छाप परेकोले तिनीहरूका आवाजहरू गुञ्जायमान भइरहेका थिए। तर जतिसुकै येशुका बारेमा उनीहरूसँग दाँजेर तारिफ गरे तापनि त्यसमा सत्यता थिएन। यदि यर्मियाले "म संसारको ज्योति हुँ" भनेर दावी गरेको भए इतिहासले उसलाई पागलको संज्ञा दिन्थ्यो होला।जतिसुकै विजयको महान् प्रदर्शन पौराणिक वीर पुरुष एलियाले कार्मेलको पहाडमा गरेको जस्तै येशुले



उनीहरूका निम्ति यो, परमेश्वरको शक्ति साबित हुन्छ।" (१ कोरन्थी १८)। वर्तमान परिप्रेक्ष्यमा पनि हाम्रा निम्ति क्रुसको सन्देश किन गरिमामय र महत्त्वपूर्ण हुन्छ?

१ कोरन्थी १:१८-२७ पढ्नुहोस्। उपरोक्त पदहरूमा हाम्रा निम्ति के सन्देश अभिव्यक्त गरेका छन्? कति कुराहरू छन् जसलाई यस संसारको कुनै पनि बौद्धिक ज्ञानहरूले ब्याख्या गर्न सक्दैनन् (पद २०)। के ती कुनै तपाईंहरूलाई थाहा छ? कुन कुराहरूमा परमेश्वरले मानिसको बुद्धि, ज्ञान वा अनेक आविष्कारहरूलाई मूर्खतामा परिणत गर्नुभएको छ? (विश्व प्रसिद्ध विजुली बत्तीका आविश्कारक थोमस एडिसनले भनेका छन्, "जब सम्म मानिसले एउटा घाँसको पाटालाई प्रतिलिपि गर्न सक्दैनन्, प्रकृतीले उसको सबै बुद्धि, ज्ञान वा आविष्कारको खिल्ली उडाइ रहेको हुन्छ।")

### ५. मसिह, परमेश्वरको पुत्र (युहन्ना १७:३)

धर्म दर्शनहरूमा प्रमाणित वा अप्रमाणित गरेर येशुलाई वाख्या गर्न सकिँदैन। अहँ, हामीले शताब्दीयौँसम्म नाउँ थाहा पाएका र अनाम करोडौं मानिसहरूले देखाएको आस्था, विश्वास र भरोसासँग यहाँ कारोबार गरिरहेका छौं। यदि येशु तिनीहरूले विश्वास गरेको अनुसार हुनुभएको होइन भने तिनीहरू केवल दन्त्यकथा, पौराणिक कथा (mythology) मिथ्या धर्म वा मनगढन्ते आस्थालाई पकडि रहेको सावित हुनेछन् र तिनीहरूको भाग्य बेपत्ता हुनेछ। यदि, येशु ख्रिष्ट केवल दुई हजार वर्ष अघि इजरायलमा एक लौह पुरुष वा उल्लेखनीय प्रसिद्ध ऐतिहासिक महापुरुष मात्र हुनुहुन्थ्यो भने सम्पुर्ण इसाई मण्डली संसारको इतिहासमा निन्दनीय छलकपटमा फसिरहेको साबित हुनेछन्।

निम्नलिखित पदहरूले यस विषयको वास्तविक धारणालाई कसरी सुल्झाउँदछ? मत्ती १:२२,२३, मत्ती ११:२-६, मत्ती २२:४१-४५, मर्कूस १४:६१-६४, युहन्ना २०:२६-२८।

जब येशुले समुद्री हुरी बतासलाई मत्थर बनाउनुभयो, उहाँको शक्तिको प्रत्यक्षदर्शी भएकोले उहाँ देखि उहाँका चेलाहरू चकित भएकाले उहाँ

येशुलाई केवल इतिहासको पानाबाट मात्र अध्ययन गर्नु जटिल, घुमाउरो र लम्बायमान परिश्रमलाई पछ्याउनु हो। येशु सेमिनार (गोष्ठी) जस्ता धेरै समकालीन समूहहरू छन् जसले येशुलाई इतिहासको पानामा सीमित राखेर इतिहासकै पानामा मात्र जाकिदिन उग्रवादी विद्वान्‌हरूले भरमग्दुर प्रयास गरिरहेको पाउँछौं। अरू मानिसहरू असफल भए तापनि हामी हुँदैनौं भनेर उनीहरू दावी गर्दछन्। यस्ता तर्कहरूको पछि लागेर हाम्रो जीवनलाई अल्झाउनु निरर्थक सावित हुनेछ। यस्ता विद्वान् वा धर्मगुरुहरू नै किन नहुन्, तिनीहरूको लक्ष्य एउटै हो, "येशुलाई यस्ता सुसमाचारका पुस्तकहरूबाट छुटकारा दिनु हो जुन मान्छेलाई घुमाइ राख्ने लेखक विद्वान्‌हरूले प्रस्तुत गरेका छन्"- ग्वाय हुभर, केनिथ एल. वुडवार्डको लेखमा, "द डेथ अभ जीसस," न्युनविक, अप्रिल ४, १९९४, पृ. ३९।

आजभोली जीसस सेमिनार जस्ता येशुलाई न्यूनतम स्तरमा झार्ने मानिसहरूलाई जनमानसमा कमै चासो देखाएको पाउँछौं। (यस्ता विद्वान् भनाउँदाहरूसँग कसले सामना गर्ने फुर्सद छ र, जसले येशु पुनरुत्थान हुनुको साटो कुकुरहरूले उहाँको शरीरलाई खाइदिए वा येशु काश्मिरमा गाडिएको छ भन्ने तर्कहरू प्रस्तुत गर्न खोजेर येशुलाई अवमूल्यन गर्न आफ्ना दिमाग र पैसालाई लगानी गर्दछन्) आजका विद्यमान इसाई दृष्टिकोणले बताइरहेका छन्, येशुप्रतिको विश्वास, आस्था मनगढन्ते नभएर ऐतिहासिक जगमा आधारित मजबुत धर्म हो। दुई हजार वर्षसम्म येशुको बारेमा जतिसुकै तर्क वितर्क, समालोचना वा आलोचना, विवाद वा प्रतिवाद गरेतापनि शताब्दियौंसम्म येशु, व्यक्तिगत जीवनको निर्विवाद स्वामीको रूपमा खडा भइरहनुभएको छ।

पावलले धेरै कुशल विद्वान्‌हरूसँग उच्चतम् बौद्धिकस्तरमा येशुका बारेमा वहस गर्नुपरेको थियो। उनी आफै पनि यहूदी धर्मशास्त्रहरूमा निपुण थिए र त्यस ताकाको प्रबुद्ध जनहरूमा आफू पछि छैन भनेर प्रमाणित गरेका थिए। यद्यपि, उसले इसाई घोषणालाई यसरी निचोडमा ध्यान केन्द्रित गराए, "नाशको बाटोलाई रोजिरहनेको निम्ति क्रुसको सन्देश मूर्खतापूर्ण हुन्छ, तर जसले मुक्ति पाइरहेका छन्,



निडर भएर धम्कीको सामना गरेको भए आज हामीले उहाँको पाउमा श्रद्धापूर्वक पर्ने थिएनौं होला। येशुलाई ती पौराणिक बफादार लौह पुरुषहरूसँग दाँज्दा केही हदसम्म सन्तोष र कौतूहल जगाए तापनि सुसमाचारका पुस्तकहरूमा उहाँलाई जुन रूपमा चित्रण गरेका थिए ती पुरानो करारका भविष्यवक्ताहरूले उहाँको यथार्थतालाई प्रकट गर्न सक्दैनन्।

येशु र परमेश्वरका यी सबै गरिमामय भविष्यवक्ताहरू वा सिद्धहरूका विचमा के मुख्य भिन्नता छ, र त्यस भिन्नता हाम्रा लागि किन अति महत्त्वको विषय हो?(युहन्ना १:१-५,१७:५, हिब्रु १:१-३)।

**३. येशुप्रति आकर्षण निरन्तर हुन्छ- (क)**

नयाँ करारको पुस्तकमा येशुका बारेमा कुनै परिकल्पना वा अडकल गरेको पाइँदैन। यसले येशु, सनातन परमेश्वरको दिव्य पुत्र हुनुहुन्छ भनेर स्पष्ट रूपमा प्रस्तुत गर्दछ। न त यसले, येशु पछिका भावी पिँढीहरूमा उहाँको स्थान र व्यक्तित्व के होला भनेर विभिन्न चासोहरूलाई ब्याख्या गर्न खोजेको पाउँछौं। यद्यपि, सबै तर्क-वितर्क, वादविवाद, छलफल वा सहमत-असहमतको बीचमा यो पाइएको छ, आफ्नो जीवनमा मानिसले पवित्र बाइबललाई केन्द्रविन्दु बनाउनुपर्दछ र येशुको मौलिक जीवनलाई चिन्नैपर्दछ।

तर सत्रौं र अठारौं शताब्दीका पश्चिमी देशमा प्रादुर्भाव भएको जागृति युग (Age of Enlightenment)ले गर्दा येशुका बारेमा उपर्युक्त सबै धारणाहरूमा परिवर्तन आएका थिए। त्यस युगका प्रबुद्धवर्गहरूले बाइबललाई येशुका बारेमा निष्कर्ष निकाल्ने एक मात्र आधारलाई लत्याइदिएका थिए। बरु जसरी अरू पौराणिक धर्मग्रन्थहरूलाई नयाँ उपायहरू र मापदण्डहरूद्वारा जोखेर अध्ययन गर्दथे, त्यसरी नै मानवीय ज्ञान र अनुसन्धानलाई उच्चस्तर मानेर बाइबललाई नियाल्न थाले। हरेक ज्ञानलाई तर्कसङ्गत विश्लेषण र आलोचनात्मक दृष्टिकोणले हेर्ने भएकोले, बाइबलमा विश्वास गर्न अलौकिक र असाधारण पूर्वअनुमान आधारशिलाको आवश्यकतालाई बहिष्कार गरेका थिए। बाइबलमा परम्परागत रूपले प्रस्तुत गरेका मानव जाति पापले गर्दा पतित भएका

थिए र त्यसलाई उद्धार गर्न परमेश्वरको अलौकिक हस्तक्षेपको आवश्यकता छ भन्ने धारणालाई मानिसहरूले मानवतावादले प्रतिस्थापना गरेका थिए। मानवतावादी व्यक्तिहरूले मानिसको सक्षमता र विकास नै सर्वोपरी हुन् र मानवतावाद मात्र मानिसको आशाकेन्द्र हुनुपर्दछ भनेर वकालत गरेका थिए। परमेश्वर होइन, बरू मानिसको उपलब्धि र सफलतालाई जीवनको लक्ष्य हुनुपर्दछ भन्ने तर्कलाई प्राथमिकता पाएको थियो।

यूरोपको बौद्धिक जगत्मा आएको आमूल परिवर्तित लहरले मानव तर्कहरूमा दूरगामी प्रभाव परेको कारणले गर्दा कतिले त यो हलचलले गर्दा इसाई धर्मको अन्त्य नै भएको आभास गरेका थिए। जब मानव-दर्शनशास्त्रीहरूले विभिन्न तर्कहरू र मानव धर्महरूको प्रादुर्भाव गराए, इसाई सतलाई अति पुरानो धर्म भनेर त्यसको मूल्य मान्यतालाई अप्रचलित गराए। परमेश्वर होइन, आफ्नै तर्कहरू नै जीवनको सङ्गिनी बनाए। यसको नतिजाले येशुलाई केवल इतिहासको महापुरुषमा मात्र झारे। येशु हाम्रो मुक्तिदाता हुन् भनेर सुसमाचारका पुस्तकहरूमा अत्यधिक मात्रामा ब्याख्यालाई र पछिका इसाई धार्मिक परायण ज्ञानलाई लत्याएर ज्ञान-विज्ञान युगका विद्वान् भनाउँदा मानिसहरूले येशुको कुनै पनि आध्यात्मिक गुणहरू वा इश्वरीय अस्तित्वलाई हुत्याइदिएका थिए। येशुलाई अरू प्रबुद्ध मानिसहरू सरह व्यवहार गरेर उहाँ एक मात्र संसारको मुक्तिदाता वा उद्धारकर्ता हुनुहुन्छ भन्ने विश्वासलाई न्यूनतम् मूल्य-मान्यतामा झारिदिन सारा बौद्धिक जगत् अभियानमा नै लागेका थिए। अर्थात् उनीहरूको भनाइमा येशु केवल मानिस मात्र हुन् र उनी, परमेश्वर मानिस भएको होइन भन्ने धारणाले बौद्धिक जगतमा प्राथमिकता पायो।

मानवतावादका दर्शन-शास्त्रीहरूले येशुको लक्ष्य र प्रतिष्ठालाई आघात पुऱ्याउन अनेक तर्कहरूलाई कसरी विकास गराए भन्ने कुरामा सोंचिरहनुभएको बेलामा निम्नलिखित विचारहरूमा ध्यान दिनुहोस् भनी पाठकवृन्दहरूमा अनुरोध गर्दछौंः (१) आफूहरूले लेखेका सत्य बृत्तान्तहरूमा धैरै निश्चितता र आश्वस्त पाएको आभास सुसमाचारका



लेखकहरूले गरेका थिए (लुका १:१-४ पढ्नुहोस्)। आफूले लेखेको कुरामा लुकाले के तर्क प्रस्तुत गर्दछन्? (२) लुकाले येशुको प्रत्यक्षदर्शीमा सामेल हुनेहरूमा पत्रुस पनि थिए भनेका छन्। पत्रुस आफै पनि शंका, उपशंका र सन्देहवादीहरूको सामना गर्नुपरेको थियो (२ पत्रुस १:१६-२१ हेर्नुहोस्)। हुन त पत्रुसले यी पदहरूमा येशुको पहिचानका बारेमा मात्र तर्क प्रस्तुत गरिरहेको थियो। यद्यपि उनले जुन रूपमा येशुको बारेमा धारणा व्यक्त गरे, त्यसै रूपमा हामी पनि प्रबुद्धवर्गले ज्ञान र विज्ञानको आधारमा येशुप्रति घातक आक्रमण गर्न खोज्नेहरूको सामना गरी आफूलाई परमेश्वरको विश्वासमा कसरी अडिग रहन प्रतिबद्ध हुन सक्दछौं? (३) येशुका बारेमा भ्रामक विचारहरूलाई उत्थान गर्न खोज्ने मानिसहरूको प्रवृत्तिलाई पावलले पनि सामना गर्नु परेको थियो। येशुको बारेमा आफ्नो बहस पावलले कसरी प्रस्तुत गरे? पढ्नुहोस्ः १ कोरन्थी १:१८-२७, १५:३-७।

### ३. येशुप्रति आकर्षण निरन्तर हुन्छ- (ख)

प्रभुलाई केवल ऐतिहासिक महामानवको रूपमा हेर्ने अभियान सुसमाचारको पुस्तकहरूमा केलाएर अध्ययन गरेर नै प्रस्तुत गरेका हौं भनेर मध्यकालीन युगका विद्वान्हरूले दावी गरेका पाउँछौं। तिनीहरूले मात्र होइन प्रारम्भिक चर्चका अगुवाहरूले पनि यो धर्मदर्शनलाई प्रस्तुत गरेका थिए भनेर मध्यकालीन युगका प्रवुद्धवर्गले दावी गरेको पाउँछौं। येशुलाई वैज्ञानिक तवरले अध्ययन गर्नुपर्दछ भनेर वकालत गरेर समय सापेक्षित गर्न खोजेको पनि पाउँदछौं।

उपर्युक्त धारणाप्रतिको झुकाउ बीसौं शताब्दीको सुरुमा हट्दै गएको पाउँछौं। जब येशुका बारेमा नयाँ खोजहरू पत्ता लागे तब येशुलाई ऐतिहासिक दृष्टिकोणले हेर्ने प्रवृत्ति वैज्ञानिक र कसैको आत्मगत भरोसामा हुँदैन भन्ने धारणालाई तेर्स्याइदिए। मानिसहरूले जतिसुकै हिम्मत गरेर विभिन्न तर्कहरूलाई अघि सारेर येशुका बारेमा अलमल्याउन खोज्दछन्, ती सबै कहालीलाग्दो तरिकाले असफल भएको विभिन्न अध्ययन र रूपान्तरित मानिसको जीवनले उजागर गरेको पाउँछौं।